# लेखक परिचय

**अनुभव अजीत** हाल मार्टिन चौतारीअन्तर्गत सामाजिक समावेशीकरण परियोजनामा आबद्ध छन् । चलचित्रसम्बन्धी अनुसन्धानमा रुचि राख्ने उनका लेखहरू पत्रपत्रिकामा प्रकाशित छन् ।

**कृष्णराज सर्वहारी**ले त्रिभुवन विश्वविद्यालयबाट नेपालीमा स्नातकोत्तर गरेका छन् । विगतमा विभिन्न पत्रिकाहरूमा संवाददाताको रूपमा काम गरिसकेका सर्वहारीले केही पुस्तक र एक दर्जन बढी थारू भाषाका पत्रिका सम्पादन गरेका छन् । उनी हाल थारू बौद्धिक सम्पदाबारे अनुसन्धान गर्दैछन् ।

पाल्पाको श्रीनगर एफएमसँग आबद्ध पत्रकार **किरण कौशल** काठमाडौंस्थित उज्यालो एफएम र *एजुकेशनल पेजेज* पाक्षिकका संवाददाताका रूपमा कार्यरत छन् ।

**गोविन्द वर्तमान** पत्रकार तथा साहित्यकार हुन् । विगत २३ वर्षदेखि पत्रकारिता क्षेत्रसँग सम्बद्ध वर्तमानका सयौं लेख/रचनाहरू विभिन्न पत्रपत्रिकाहरूमा प्रकाशित छन् । खास गरी कथा, कविता र निबन्ध लेखनमा कलम चलाएका वर्तमानको *सोह्र साँझ* (२०६१) यात्रा साहित्य प्रकाशित छ ।

**टङ्क उप्रेती**ले अर्थशास्त्र र आमसञ्चारमा स्नातकोत्तर गरेका छन् । विगत १३ वर्षदेखि टेलिभिजन कार्यक्रम उत्पादनमा संलग्न उप्रेती हाल नेपाल टेलिभिजनका वरिष्ठ निर्माता हुन् । एसिया प्यासिफिक क्षेत्रमा सर्वोत्कृष्ट वृत्तचित्र निर्माता (२००५) का रूपमा एसिया प्यासिफिक ब्रोडकास्टिङ यूनियन र संयुक्त राष्ट्र सङ्घद्वारा सम्मानित उप्रेतीका तीनओटा कविता सङ्ग्रह समेत प्रकाशित छन् ।

*मिडिया अध्ययन* २: ३५३-३५४, २०६४

**तिलक पाठक** आमसञ्चार तथा पत्रकारितामा स्नातकोत्तर पाठक *नेपाल* साप्ताहिक म्यागेजिनका संवाददाता हुन् ।

**मोहन मैनाली** पत्रपत्रिकामा खोजमूलक रिपोर्टिङ/फिचर लेख्नुका साथै भिडियो डकुमेन्ट्री पनि बनाउँछन् । उनले विभिन्न सङ्घसंस्थाद्वारा आयोजित पत्रकारिता तालिम दिएका छन् । मैनालीले पत्रकारिता विषयमा पुस्तक लेख्नुका साथै समाज विज्ञानका केही पुस्तकहरू सम्पादन गरेका छन् ।

**विजय घिमिरे** २०५३ यता आर्थिक संवाददाताको रूपमा *कान्तिपुर* दैनिकमा कार्यरत घिमिरे हाल सो पत्रिकामा अर्थ-वाणिज्य समाचार संयोजक हुन् । घिमिरेले २०६० देखि २०६३ सालसम्म नेपाल आर्थिक पत्रकार समाज (सेजन) को अध्यक्षको जिम्मेवारी सम्हालेका थिए ।

**श्याम श्रेष्ठ** राजनीतिक विश्लेषक तथा चिन्तक हुन् । २०३९ देखि २०४८ सालसम्म वाममन्थी पार्टी राजनीतिमा सक्रिय श्रेष्ठ हाल नागरिक आन्दोलनका अगुवा हुन् । दर्शन र नेपालको कम्युनिस्ट आन्दोलनमा कलम चलाउँने उनका दुई पुस्तक र दर्जनौं लेख रचनाहरू पत्र पत्रिकामा प्रकाशित छन् ।

**सुजित महत** *कान्तिपुर* दैनिकका वीरगञ्जस्थित संवाददाता हुन् ।

नेपालको कम्युनिस्ट आन्दोलनमा विद्यावारिधि गरेका **सुरेन्द्र केसी** राजनीतिक विश्लेषक हुन् । इतिहास केन्द्रीय विभाग, त्रिवि, कीर्तिपुरका सहप्राध्यापक केसीका झण्डै दुई दर्जन पुस्तक र सयौं लेख रचनाहरू प्रकाशित छन् ।

**सुशील कोइराला** दन्त चिकित्सक हुन् । हाल नेपाल डेन्टल एसोसिएसनका अध्यक्ष कोइरालाका सामाजिक स्वास्थ्यसम्बन्धी दर्जनौं लेख रचनाहरू राष्ट्रिय र अन्तर्राष्ट्रिय पत्रपत्रिका तथा जर्नलमा प्रकाशित छन् । कोइराला *डेन्टीस्ट्री : साउथ एसिएन डेन्टल जर्नल*का प्रधान सम्पादक हुन् ।

**सौरभ** २५ वर्षदेखि पत्रकारिता पेशामा आबद्ध छन् । विगतमा *गोरखापत्र*, *कान्तिपुर*, बीबीसीमा काम गरिसकेका सौरभले *नयाँ सडक* दैनिक (हाल बन्द) मा प्रधान सम्पादकको जिम्मेवारी पनि सम्हालेका थिए ।

**हर्षमान महर्जन** त्रिभुवन विश्वविद्यालय, पत्रकारिता तथा आमसञ्चारमा स्नातकोत्तर तहमा अध्ययनरत छन् । उनका विभिन्न लेखहरू पत्रपत्रिकामा प्रकाशित छन् ।